*“सम्रिद्धिको आधार कृषि, कृषि अभियानमा गैर आबासिय नेपाली”*

# MUNAA

## (Mutual Undertaking between NRNA & Agriculture Authority)

## * Project Synopsis *

## पूर्ण सामाजिक उत्तरदायित्व सहितको ब्याबसाय

### परियोजनाको प्रकृति :

प्रदेश ३ लाई मुख्य आधार बनाएर यस क्षेत्रमा उत्पादित कृषिजन्य बस्तुहरुलाई पायक पर्ने स्थानमा सँकलन केन्द्रहरु स्थापना गरी सँकलित बस्तुहरुलाई काठमाण्डु उपत्यकामा एक आधूनिक प्रशोधन केन्द्र मार्फत राष्ट्रिय ब्राण्ड तयार गरेर आफ्नै आउट्लेट बजारहरु सँचालन गर्दै आन्तरिक तथा बाह्य मुलूक सम्म पुर्याएर बजारिकरण गर्ने ।

### Project Location :

1. Processing & Collection Centre (including Warehouse, Cold Store & Agri Trade Centre) : Kathmandu Valley
2. Collection Centres (Including Warehouse & Cold Store) : Bidur, Melamchi, Pachkhal, Dhulikhel, Jiri, Chitwan, Hetauda, Dhading…
3. Domestic Market : 3 categories Outlets
    - Super Market
    - Express Market
    - Mobile Market (With Auction)
    - Online / Home Delivery
4. International Market
    - High Value : Vegetables, Fruits, Dry Foods & Herbal Products

### Team :

Chief Patron : Hon. Minister Dawa Dorje Lama (MoLAC P3)

Patron : Hon. Shyam Basnet (Member, Policy & Planning Commission P3)

Chief Advisor : Dr. Yogendra Kumar Karki (Secretary, MoLAC P3)

Advisors :

- Mr. Bhaban Bhatta (Presient, NRNA)
- Mr. Hem Raj Dhakal (Chair, AEC FNCCI)

**Executives :**

1. Coordinator : Mr. Yuba Raj Gurung (Convenor, APC NRNA)
2. Deputy Coordinator : Mr. Arun Raj Sumargi (Member, FNCCI)
3. Member : Mr. Tilak Bhandari (Agriculturist, Scientist NRNA APC)
4. Member : Mr. Rajendra Devkota (Agriculturist)
5. Member : Mr. Bhola Dahal (Officer, CM Council of Minister P3)
6. Member : Mr. Basanta Nepal (Officer, MoEA&P P3)
7. Secretary Member : Mr. Diwas Raj Bista (U. Secretary, MoLAC P3)

Invited Advisor:

- Miss. Janakee Gurung (Secretary NRNA)
- Mr. Sonam Lama (Ex-RC Americas NRNA)
- Mr. Amar Thing (Agcriculturist Expert Nepal)
- Mr. Ekanath Khatiwada (APC Co-chair Asia Pacific, NRNA)

Invited Members:

- Dr. Prem Bhandari (APC Co-chair, Americas NRNA)
- Mr. Nawaraj Basnet (Chair NFGF)
- Mr. Kapil Dev Thapa (Co-convenor, NRNA APC)

**Address For Correspondence :**


मुना कार्यदलको संपर्क कार्यलय

कृषि प्रबर्द्धन समिति

गैरआबासिय नेपाली सचिबालय

सुबर्ण सम्शेर मार्ग, काठमाण्डु महानगरपालिका - ४, बालुवाटार

Email : munaataskforce@gmail.com, yubaraj.gurung@nrna.org
Contact : +977 98511 49494, +977 98511 32561, +977 98450 91509
www.nrna.org/apc


**अबधारणा :**

नेपालको निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने नेपाल सरकारको निति तथा कार्यक्रमलाई सहयोग पुर्याउन, कृषि समूह तथा सहकारि मार्फत कृषकहरु सम्म पुगेर सहयोगि भूमिका निर्बाह गर्नका लागि एनआरएन समुदायले प्रबाशमा देखेका, जानेका र सँभावना भएका कृषि अबधारणा, उच्च प्रबिधि लगायत यस क्षेत्रसँग सँबन्धित सबै क्षेत्रहरुमा के कसरी योगदान दिन सकिन्छ भन्ने बिषयका लागि संघले एक 'कृषि प्रबर्द्दन समिति' निर्माण गरेको छ। समितिले औधोगिक रूपमा प्राकृतिक रबर खेतीको बिस्तार, प्राँगरिक अभियान, जनस्वास्थ्यमुखी खाद्द तथा पौष्टिक तत्वको सुरक्षण र जडिबुटी तथा आयुर्बेद अभियान र प्रब्रर्द्दनमा बिषयगत उपसमितिहरु निर्माण गरी काम शुरु गरेको छ।

कृषि उपजहरुको सरल रूपमा बजारको ब्यबस्था, बिषादीहरुको न्युनिकरण गर्दै उत्पादनलाई प्राँगरिक तर्फ उन्मुख गराउन, उत्पादित बस्तुहरुको सफाइ, ग्रेडिङ, प्याकेजिङ सहित मुल्य श्रिँखला कायम राख्न, प्रशोधन र भण्डारण गर्न, किसानहरुलाई असल कृषि अभ्यास गराउन, बहुमुल्य उपजहरुलाई अन्तरराष्ट्रिय बजारमा पुर्याउन, भबिश्यका सम्रिद्ध किसान तयार गर्न, उत्पादकहरुलाई सिधै बजार मार्फत उपभोक्ता सम्म जोड्नका लागि प्रशोधन केन्द्र सहितको आधूनिक कृषि बजार निर्माण र संचालन गर्न गैरआबासिय नेपाली संघ, कृषि प्रबर्द्दन समितिले MUNAA (Mutual Undertaking between NRNA & Agriculture Authority) परियोजना अघी सारेको छ ।

## उद्देश्य तथा लक्ष : (मुना कृषि बजार किन ? )

1. कृषि उपजलाई आफ्नै बजार मार्फत स्वच्छ, स्वस्थ र गुणस्तर रूपमा उपभोक्ता सम्म पुर्याउन ।
2. कृषि उपजको Post Harvest Lost **(झण्डै २०-३०%)** लाई रोकथाम गर्न ।
3. किसान सहकारिको कृषि उपजलाई उचित मुल्यमा किनिदिन (Buy Back Guarantee)।
4. दिगो तथा असल कृषि अभ्यास मार्फत ब्यबसायिक खेतीको विस्तार गर्दै प्राँगरिक उन्मुख गराउन ।
5. गैरआबासिय नेपालीहरुको सामुहिक लगानी, दक्षता र आधुनिक कृषि प्रबिधिलाई नेपाल भित्र्याउन ।
6. मूल्यशृंखला सहित गुणस्तरीय सुनिश्चितता कायम गर्न ।
7. विचौलिया नरहने गरी सिधै उत्पादक र उपभोक्तालाई जोड्न ।
8. कृषि पेशालाई मर्यादित र आकर्षक बनाउदै किसानको शसक्तिकरण गरी Future Farmer तयार गर्न ।
9. आफ्नै ब्राण्डमा कृषिको राष्ट्रिय अन्तर्राष्ट्रिय बजार बिस्तार गर्न ।
10. देशलाई कृषिमा आत्मानिर्भर बनाउन ।

## प्राबिधिक पक्ष :

काठमाण्डौ उपत्यका भित्र आधूनिक प्रशोधन केन्द्र स्थापना गर्ने । उपत्यका बाहिर सम्भावित क्षेत्रहरुमा सँकलन तथा उप सँकलन केन्द्र स्थापना गरेर क्रषी उपजलाई सिधै खरिद गर्ने । सँकलन केन्द्रहरुबटै बस्तुको शुद्धता र गुणस्तर परिक्षण गरी खरिद गर्ने । प्रशोधन गर्ने प्रबिधि बाहिरबाट ल्याउने । सफाइ, ग्रेडिङ, सर्टिफिकेसन, बिषादी परिक्षण, प्याकेजिङ र ब्राण्डिङका प्रकृया अबलम्बन गर्ने । प्रशोधन तथा सँकलन केन्द्रहरुमा भण्डारण तथा शीत भण्डार राखिने । ढुवानीका लागि यातायातका साधनहरुमा आवश्यकता अनुसार तापक्रम नियन्त्रक प्रबिधि जडान गर्ने । सुपरमार्केट, आउटलेट र मोबाइल आउटलेटहरुमा पनि फ्रिज, डिपफ्रिज जडान गरिने । सफ्ट्वेयरमार्फत एप्स र सामाजिक सन्जाल तथा मेडिया मार्फत बस्तुहरुको मुल्य निर्धारण, बजारको अवस्था, माग र आपूर्तिको जानकारी दिने । साथै खाद्द सुरक्षा, पोषणको जानकारी, मल बिउ र प्रबिधीको जानकारी दिने । तालिम, प्रक्षिशण र अनुसन्धान र बिकासको पक्षलाई पनि सँग सँगै लैजाने

## अनुसन्धान पक्ष :

किसानलाई असल कृषिअभ्यास (GAP) गराउने । क्रमिक रूपमा प्राङरिक तर्फ उन्मुख गराउने । तालिम प्रशिक्षणको ब्यबस्था गर्ने, अनुसन्धान र प्रयोगशालाको स्थापना गर्ने । पोषण र खाद्द सुरक्षा बारे चेतना अभिब्रिद्धी गर्ने । राष्ट्रिय अन्तरराष्ट्रिय बजारको नियमित अध्ययन र अनुगमन गर्ने ।

## बर्तमान अवस्था :

११ बैशाख २०७६ मा प्रदेश ३ मुख्यमन्त्रिज्यूको बिशेष पहलमा एनआरएनए कृषि प्रबर्द्दन समिति र कृषि मन्त्रालय प्रदेश ३ सँग प्रशोधन सहितको आधूनिक कृषि बजार स्थापना र सँचालनको लागि आबस्यक पूर्वधार र आधार तयार गर्न एक कार्यदल मार्फत काम भै रहेको छ । सार्वजनिक निजी साझेदारी मोडलमा एक पब्लिक कम्पनी निर्माणका लागि कानूनी परामर्श शुरु भै सकेको छ । कम्पनी निर्माणका लागि एनआरएन समुदाय र निजी क्षेत्र तथा कृषक संघ संस्थाहरु माझ सम्भावित संस्थापक सदस्यहरुको नामावली सँकलन शुरु भएको छ ।

परियोजनाको ब्याबसायिक योजना निर्माण गर्न काठमाडौं विश्वबिद्दालय स्कुल अफ म्यानेज्मेण्ट (KUSOM) लाई दिने निर्णय भै सकेको छ । प्रदेश ३ मा सकृय रहेका कृषिजन्य बस्तुहरुसँग सम्बन्धित उत्पादकहरुको प्रतिनिधिमूलक ब्यक्ति, संघ संस्थाहरु सँग कार्यशाला गोष्ठी गर्ने तयारी हुँदैछ । बाह्य प्रबिधिहरुको अध्ययन अबलोकन जारी छ । र मुख्यत परियोजनाको लागि काठमाडौं उपत्यका भित्र आधूनिक प्रशोधन केन्द्र सहित कृषि ब्यापार केन्द्रको लागि चाहिने जग्गा, लामो समयको लिजमा उपयोग गर्ने गरी नेपाल सरकार वा कुनै सस्थाबाट प्राप्तिका लागि प्रयत्न जारी छ।

## लगानीको अबस्था :

सार्वजनिक निजी साझेदारी मोडलमा पब्लिक कम्पनी मार्फत सामुहिक लगानी जुटाइनेछ । प्रदेश सरकारले नितिगत तह, जग्गा तथा पूर्वधारमा सहजिकरण गरिदिनेछ र ब्याबसायिक योजना बनाउने खर्च ब्यहोर्ने छ । ब्यबस्थापकिय पक्ष एनआरएन र निजी क्षेत्रले हेर्नेछ । पब्लिक कम्पनी निर्माण पश्चात हुने शेयर लगानीका सम्वन्धमा व्यक्तिगत रुपमा दश हजार रुपैयाँ देखि दश लाख रुपैयाँ सम्म लगानी गर्न सकिने र संस्थागत रुपमा दश हजार रुपैयाँ देखि एक करोड रुपैयाँसम्म लगानी गर्न सकिने प्रावधानको व्यवस्था गर्न सक्नेछ । कृषकको उत्पादनको Buy Back Guarantee मुनाले गरी दिनेछ साथै हरेक कृषकले मुना बजारमा लगानी गर्ने हैसियत पनि राख्न सक्नेछ । यसरी डायस्पोरा नेपाली समुदाय, नेपालको निजी क्षेत्र र सरोकारवाला कृषक तथा कृषि सहकारि संघ संस्थाहरुको सामुहिक अपन्त्वमा लगानी जुटाइनेछ ।

## मुना बजारको सम्भावना र प्रतिस्पर्धा :

मुना कृषि बजारले स्वस्थ प्रतिस्पर्धा गर्दछ । किसानलाई बजारको सुनिस्चितता गर्दछ । कृषि उपजलाई आबस्यक सफाइ तथा प्रशोधन गरेर मात्र उपभोक्ताका लागि बजारमा पुर्याउछ । सँकलन

केन्द्रहरु किसानको पायक पर्ने स्थानमा हुने भएकोले किसानले मुल्य राम्रो पाउने र उपभोक्ताले सुपथ मुल्यमा सामान खरिद गर्न सक्दछ । मुना बजारको पद्दति भित्र बिचौलियाको स्थान छैन । सँकलन केन्द्र, ढुवानी प्रकृया, प्रशोधन केन्द्र र आउटलेट मार्केटहरुमा उच्च प्रबिधी, शीत भण्डार, वेयर हाउस, फ्रिजर डिपफ्रिजरको ब्यबस्था गरिने भएकोले बस्तुहरु ताजा रहनेछ । असल कृषि अभ्यास मार्फत क्रमिक रूपमा किसानले उत्पादन गर्ने भएकोले प्राँगरिक उन्मुख कृषि बजार हुनेछ । प्रमाणिकरण र ब्राण्डको ब्यबस्थाले विश्वशनियता बढ्दै जान्छ । उच्च मुल्यका बस्तुहरुलाई बाह्य मुलूकमा बजारिकरण गरिनेछ । मुना बजार स्वस्थ प्रतिस्पर्धामा विश्वाश राख्द्छ ।

Post Harvest Lost को मात्रा झन्डै २५ प्रतिशतको हारहारिमा छ, त्यसलाई मुनाले रोक्नेछ । बिषादी खाद्द बस्तुको कारण झन्डै ३५ प्रतिशतको हारहारिमा उपभोक्ताहरु प्रणघातक रोगका शिकार भएका छन, त्यसलाई न्युनिकरण गर्न मुनाले भूमिका निभाउनेछ । कृषि पेशालाई मर्यादित तथा सम्रिद्धी र बिकासको आधार बनाउन सहायक हुनेछ - मुना । राष्ट्रिय योगदानमा मुनाले बिशेष भूमिका निर्बाह गर्नेछ ।

## Production & Linkage :

मुना बजारले शुरुको अवस्थामा उत्पादन क्षेत्रमा अप्रत्यक्ष रूपमा सहभागि रहन्छ, बजार ब्यबस्था सँगै उत्पादन निति पनि अबलम्बन गर्नेछ । 'डेमो-प्रोजेक्ट' को रूपमा अनुकुलता हेरेर अघि बढ्नेछ । 'कन्ट्र्याक्ट फार्मिङ'को निति अबलम्बन गर्दै Backward Linkage र Forward Linkage को ब्यबस्था गर्नेछ ।

## पुँजिको आयतन :

मुना कृषि बजारको अनुमानित कुल लगानी पुँजिको आयतन २ अरब ४१ करोड हुनेछ । यो तहमा गरिने लगानिको बजार ब्यबस्थाले मात्र निर्धारित सरकारी 'प्रोफिट मार्जिन' भित्र रहेर परियोजनालाई दिगो रूपमा सँचालन गर्न सकिन्छ । कृषिमा देखिएको बिद्दमान चुनैतिलाई सम्बोधन गर्न र उत्पादक तथा उपभोक्तालाई प्रत्यक्ष लाभ पुर्याउन यो स्तरको परियोजनाको अबधारणा अघि सारिएको हो ।

*** धन्यवाद ***

युबराज गुरुङ

सँयोजक, मुना कार्यदल तथा कृषि प्रबर्द्दन समिति

गैरआबासिय नेपाली संघ ।

मिति : ३० ज्येष्ठ, २०७६